# ४. श्री महानन्द सापकोटा

*[संवत् २०२८ साल आश्विन १७ गते रोज ७ दिन आयोजित समारोहमा 'नेपाली निर्वचनको रूपरेखा' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०२७ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री महानन्द सापकोटाले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्‌गार । यो उद्‌गार नेपाली त्रैमासिक अङ्क ४८ बाट उद्धृत गरिएको हो ।]*

सम्माननीया रानीसाहेब तथा साहित्यिक बन्धुहरू !

'मदन पुरस्कार' म भरखरै पाउँदै छु, तर मदन पुरस्कार गुठीको स्थापना गर्ने उदारहृदया रानी जगदम्बाट मैले आफ्ना जीवनका सङ्कटकालमा सहयोग र सहायता पाएको फन्डै बाह्र वर्ष पुग्न लागे । कलकत्ताका केंसर अस्पतालमा ठाउँको चाँजो मिलाइदिएको र निको भएर आएपछि अवस्थासुहाउँदो भोजनका लागि श्री कमल दीक्षितहस्ते पठाइदिएको आर्थिक सहयोगको कुरो मेरो सन्तानले पनि कृतज्ञतासित सम्झिरहनेछन् । त्यस काल रोगले पक्रेका बेला हाम्रा दयालु सम्राट्को असीम अनुकम्पा र रानी जगदम्बाको उदारता नपाएको भए आज म यो पुरस्कारको पात्र हुन पाउने थिइनँ ।

विश्ववरेण्य कवि रवीन्द्रनाथ ठाकुरले नोबेल पुरस्कार पाएका बेला मेरा मनमा हाम्रा नेपाली कवि पनि कुनै दिन त्यस योग्यताका होलान् कि अथवा आफ्नै देशमा त्यस्तो कुनै संस्था जन्मला कि भन्ने कुरा खेलेको मलाई ऐले जस्तो लाग्दै छ । मेरा ती दिवास्वप्न जस्ता केटौली कल्पना साकार हुन लागेको देख्न पाउँदा र मेरा सहधर्मीहरूले मदन पुरस्कार पाउँदा नै म आनन्दले थैथै भएको थिएँ, सन्तोष र प्रसन्नताजनित तृप्ति अनुभव गरिरहेको थिएँ। तर आज म आफै सो पुरस्कारको भागी हुन पाउँदा मेरा आनन्दमा डर मिसिन आएको छ। वैभवले मान्छेलाई बरालेको छ, कीर्तिले कर्तव्य बिर्साएको छ। पुरस्कार मदले मेरो मन पनि बरालिदेला कि भन्ने डर मलाई लागेको छ। तर यो पुरस्कार ता थालेका काममा अझै कस्सिएर तत्पर भएर लाग्नका लागि हो भन्ने तथ्य नबिर्सी अझै कर्तव्यनिष्ठ हुन पशुपतिका पाउमा बल माग्दै भाषा सेवामा प्रयत्नशील रहनेछु ।

अर्जुनका बाण मकाएर माटामा मिले तर व्यासका वाणी अझै मौलाउँदै छन् । अर्जुनको वीरता र कृष्णको महत्ताको हामीले परिचय पाएको पनि व्यासका वाणीबाट नै हो । युधिष्ठिरको शासन सकियो तर व्यासको अनुशासन हामीलाई बाटो देखाउँदै छ । बाण वधको प्रतीक हो, मृत्युको दर्शन; तर वाणी बोधको स्वरूप हो, आनन्दमय ज्ञानको प्रतिमूर्ति हो । त्यस पवित्र वाणीका आराधना, उपासना र सेवामा देशका मनीषीवर्गलाई अघि सर्न जाँगर चलाउने प्रेरणाको स्रोत मदन पुरस्कार गुठीको स्थापना र अरू अनेक मानव सेवामा वैभवको सदुपयोग गर्ने रानी जगदम्बामा पशुपतिनाथ र पशुपतिनाथका भक्त समग्र नेपाली नागरिकको आशीर्वचन र शुभकामना बर्सिरहोस् ।

☒ ☒ ☒